NEPALI

**DeKalb काउन्टी स्कूल डिस्ट्रिक्ट**

**FY17 अभिभावकीय संलग्नता नीति**

**समीक्षा तथा संशोधन मितिहरू**

**मे 25, जुन 1, जन 7, जुन 8, जुन 9, जुन 14, जुन 21, र जुन 27, 2016**

**DeKalb को दुरदर्शिता भनेको हाम्रो शिक्षार्थीहरू समुदायलाई शैक्षिक उत्कृष्टता हासिल गर्न प्रेरित गर्नु हो।**

**DeKalb को लक्ष्य भनेको विद्यार्थीलाई उच्च शिक्षा, काम, र आजीवन शिक्षाका लागि योग्य बनाउँदै विद्यार्थीको सफलता सुनिश्चित गर्नु हो।**

**DeKalb को आदर्श वाक्य हो प्रेरित गर्नुहोस्, उपलब्धि हासिल गर्नुहोस्, र श्रेष्ठ बन्नुहोस्।**

1. **DeKalb काउन्टी स्कूल डिस्ट्रिक्टले** ESEA को धारा 1112 अन्तर्गत आफ्नो डिस्ट्रिक्ट स्तरीय अभिभावकीय संलग्नता योजनाको संयुक्त विकासमा अभिभवाकहरूलाई संलग्न गराउन निम्न कदमहरू चाल्नेछ:
   - **A. वार्षिक Title 1 अभिभावकीय संलग्नता/नीति सम्बन्धी बैठक सञ्चालन गर्ने।**
   - **B. Title 1 पूर्व-योजना सम्बन्धी बैठक सञ्चालन गर्ने।**
   - **C. अभिभावकहरूलाई वेबसाइट वा विभिन्न किसिमका मिडियाको माध्यमबाट समयमै सूचना प्रदान गर्ने।**

2. **DeKalb काउन्टी स्कूल डिस्ट्रिक्टले** ESEA को धारा 1116 अन्तर्गत स्कूलको समीक्षा तथा सुधार प्रक्रियामा अभिभवाकहरूलाई संलग्न गराउन निम्न कदमहरू चाल्नेछ:
   - **A. वार्षिक एकीकृत LEA सुधार योजना (CLIP) सम्बन्धी बैठक गर्ने।**
   - **B. अभिभावकहरूलाई जारी प्रतिक्रिया दिने अवसर प्रदान गर्ने।**
   - **C. बैठकहरू चल्दा अभिभावकहरूका लागि दोभाषे/अनुवादकहरू उपलब्ध गराउने।**

3. **DeKalb काउन्टी स्कूल डिस्ट्रिकले** Title I, Part A स्कूलहरूलाई विद्यार्थीको शैक्षिक उपलब्धि र विद्यालयको कार्य सम्पादनमा सुधार ल्याउनका लागि प्रभावकारी अभिभावकीय संलग्नता सम्बन्धी गतिविधिहरूको योजना तथा कार्यान्वयनमा सहायता गर्न निम्न आवश्यक सहकार्य, प्राविधिक सहायता, र अन्य सहायता प्रदान गर्ने:

**A. अभिभावकीय संलग्नताका लागि केन्द्रि कार्यालयको सहायता – (Title I निर्देशक, सहायक निर्देशक, डिस्ट्रिक्ट अभिभावक सम्पर्क तथा प्रशासनिक सहायता)।**

**B. 5 डिस्ट्रिक्ट स्तरीय अभिभावक केन्द्रहरू जसले अभिभावकीय सहभागीता/संलग्नतालाई सहायता प्रदान गर्नेछन्।**

**C. विद्यालयहरूद्वारा आर्थिक सहायता प्रदान गरिएका स्थानीय अभिभावक केन्द्रहरू---36 स्कूल स्तरीय अभिभावक सम्पर्क।**

**D. Title I प्राविधिक सहायता तथा कार्य सत्रहरू।**

**E. Title I अनुपालन तथा शिक्षा सम्बन्धी प्रधानाध्यापकको शिखर सम्मेलन**

**F. Title l का अद्यावधिकहरू बारे जानकारी आदान प्रदान गर्न मासिक रूपमा Title I प्रधानाध्यापकहरूको बैठक आयोजना गर्ने।**

4. **DeKalb काउन्टी स्कूल डिस्ट्रिक्टले** Part A का अभिभावकीय संलग्नता सम्बन्धी रणनीतिहरूलाई अन्य निम्न कार्यक्रमहरू अन्तर्गतका रणनीतिहरूसँग समन्वय तथा एकीकृत गर्नेछ: [कार्यक्रमहरूको नाम उल्लेख गर्नुहोस्, जस्तै: हेड स्टार्ट, इभन स्टार्ट, शिक्षकहरूको रूपमा अभिभावकहरू, प्रिस्कूलका बालबालिकाहरूका लागि गृह शिक्षा कार्यक्रम, तथा राज्य सञ्चालित प्रिस्कूल कार्यक्रमहरू जुन निम्न व्यक्तिद्वारा कार्यान्वयन गरिन्छ:

   **A. अभिभावकीय संलग्नता सम्बन्धी रणनीतिहरूलाई कार्यान्वयन गर्ने नियुक्त गरिएका कर्मचारीहरू।**

5. **DeKalb काउन्टी स्कूल डिस्ट्रिक्टले** अभिभावकहरूको संलग्नतामा Title I, Part A स्कूलहरूको गुणस्तरको सुधारमा यस अभिभावकीय संलग्ना नीतिका सामग्री र प्रभावकारीताको वार्षिक मूल्याङ्कन कार्यक्रम सञ्चालन गर्नेछ। मूल्याङ्कनमा अभिभावकीय संलग्नता कृयाकलापहरूमा अभिभावकको उल्लेखनीय सहभागीतालाई रोक्ने कुराहरूको पहिचान गरिनेछ (विशेषगरी आर्थिक रूपमा पछि परेका, अपाङ्ग, सीमित अंग्रेजी निपुणता भएका, सीमित साक्षरता भएका, वा कुनैपनि जाती वा अल्पसंख्यक जातीय पृष्ठभूमिका अभिभावकहरूलाई ध्यान दिइनेछ)। स्कूल डिस्ट्रिक्टले आफ्नो अभिभावकीय संलग्नता नीति तथा कृयाकलापहरूको मूल्याङ्कनबाट निस्केका निष्कर्षहरूलाई थप प्रभावकारी अभिभावकीय संलग्नताका रणनीतिहरू तयार पार्न, तथा आवश्यक परेको खण्डमा आफ्ना अभिभावकीय संलग्नता नीतिहरूको (अभिभावकहरूको सहभागीतामा) संशोधन गर्न प्रयोग गर्नेछ।

   **A. कार्यक्रमको मूल्याङ्कनमा समावेश हुने अभिभावकीय संलग्नताको गुणस्तरका लागि महत्वपूर्ण रहने अभिभावकको सुझाव सङ्कलन गरेर पाठ्यक्रम, शिक्षा तथा व्यावसायिक शिक्षाका कार्यकारी निर्देशक र संघीय कार्यक्रमको कार्यालयले मद्दत गरे अनुसार आर्थिक सहायता तथा मूल्याङ्कन कार्यक्रम पूरा गर्ने। डिस्ट्रिक्टले आफ्नो वेबसाइटमा डिस्ट्रिक स्तरीय सर्वेक्षण गरेर नियमित रूपमा अभिभावकहरूबाट प्रतिक्रिया प्राप्त गर्नेछ।**

   **B. अभिभावकहरूबाट डिस्ट्रिक्ट स्तरीय सर्वेक्षण मार्फत प्रतिक्रिया लिने।**

6. **DeKalb काउन्टी स्कूल डिस्ट्रिक्टले** विशेषगरी तल व्याख्या गरिएका कृयाकलापहरू मार्फत विद्यार्थीको शैक्षिक उपलब्धिमा सुधार ल्याउन अभिभावकहरूको प्रभावकारी संलग्नता सुनिश्चित गर्न तथा संलग्न स्कूल, अभिभावकहरू, र समुदाय बीचको साझेदारीमा सहायता गर्न बलियो अभिभावकीय संलग्नताका लागि स्कूल र अभिभावकहरूको क्षमता वृद्धि गर्नेछ:

A. स्कूल डिस्ट्रिक्टले आफ्नो Title I, Part A स्कूलहरूको सहकार्यमा, स्कूल डिस्ट्रिक्ट वा स्कूलले जुन बालबालिकाहरूलाई सेवा पुऱ्याइरहेको छ उक्त बालबालिकाका अभिभावकहरूलाई यो अनुच्छेदमा व्याख्या गरिएका कार्यहरू गर्दै, तलका Titleहरू बुझ्नमा अपयुक्तता अनुसार सहयाता प्रदान गर्नेछ --

- राज्यका शैक्षिक सामग्री सम्बन्धी मापदण्डहरू,
- राज्यको विद्यार्थीको शैक्षिक उपलब्धि सम्बन्धी मापदण्डहरू,
- वैकल्पिक मूल्याङ्कनहरू सहित राज्य स्तरीय तथा स्थानीय शैक्षिक मूल्याङ्कनहरू,
- Part A को स्थान पाउनका लागि पूरा गर्नुपर्ने मापदण्डहरू,

DeKalb County
School District

- बालबालिकाको प्रगति कसरी निरीक्षण गर्ने, तथा
- शिक्षक, अभिभावक र सोरकारवालाहरूसँग मिलेर कसरी काम गर्ने:

**यसलाई सहायता गर्ने कार्यक्रमहरू यस प्रकार छन्:**

1. **Title I अभिभावकीय संलग्नता सम्मेलनहरू (डिस्ट्रिक्ट स्तरीय तथा क्षेत्रीय)।**
2. **एकीकृत LEA सुधार योजना (CLIP) (वार्षिक)।**
3. **Title I अभिभावकीय संलग्नता नीति सम्बन्धी बैठक (वार्षिक)।**
4. **परिवर्तनशील शिक्षा कार्यक्रमका बैठकहरू (FLP)।**
5. **अभिभावकका लागि कार्यशाला गोष्ठीहरू (उदाहरणका लागि, जर्जिया माइलस्टोन, इन्फिनिट क्याम्पस, आदि)**
6. **डिस्ट्रिक्ट स्तरीय I अभिभावक सम्मेलन।**

B. स्कूल डिस्ट्रिक्टले आफ्ना स्कूलहरूको सहकार्यमा, अभिभावकहरूलाई आफ्ना बच्चाहरूको शैक्षिक उपलब्धि सुधार्न उनीहरूसँग मिलेर काम गर्न सहयोग गर्न, साक्षरता तालिम, प्रविधिको प्रयोग, उपयुक्तता अनुसार फोस्टर अभिभावकीय संलग्नता सज्ता विभिन्न सामग्री तथा तालिम प्रदान गर्नेछ, जसका लागि डिस्ट्रिक्टले निम्न कुराहरू ग र्नेछ:

1. **शैक्षिक स्रोत-साधनहरू र उपकरणहरू सम्बन्धी अभिभावकलाई तालिम दिएर।**

C. डिस्ट्रिक्टले आफ्ना स्कूल र साझेदारहरूको सहकार्यमा, आफ्ना शिक्षक, विद्यार्थीलाई सेवा पुर्‍याउने कर्मचारी, प्राधानाध्यापक र अन्य कर्मचारीहरूलाई अभिभावकसम्म कसरी पुग्ने, उनीहरूसँग कसरी सूचना आदान प्रदान गर्ने, उनीहरूसँग सामान साझेदारहरूकोको रूपमा कसरी कार्य गर्ने, तथा अभिभावकका लागि बनाइएका कार्यक्रमहरूको कार्यान्वयन तथा समन्वय र अभिभावक र स्कूलहरूहरूका बीचमा सन्तुलन कसरी राख्ने भन्ने कुरा सिकाउनेछ, जसका लागि डिस्ट्रिक्टले निम्न कुराहरू गर्नेछ::

1. **स्कूलका प्रशासक/प्राधानाध्यापक र /वा नियुक्त कमचारीको मासिक बैठकहरू आयोजना गर्ने।**
2. **Title I ले आर्थिक सहायता कर्मचारीहरूका लागि व्यावसायिक सिकाई।**
3. **Title I अनुपालन तथा शिक्षा सम्बन्धी प्रधानाध्यापको शिखर सम्मेलन।**

D. डिस्ट्रिक्टले सम्भव तथा उपयक्त भएको हदसम्म, अभिभावकीय संलग्नताका कार्यक्रम तथा गतिविधिहरूलाई हेड स्टार्ट, इभन स्टार्ट, प्रिस्कूलका बालबालिकाहरूका लागि गृह शिक्षा कार्यक्रमसँग सन्नवय तथा एकीकरण गराउनेछ, र आफ्ना बालबालिकाहरूको शिक्षामा अझ पूर्णतया सहभागी हुन प्रोत्साहित तथा सहायता गर्ने अभिभावक संसाधन केन्द्रहरू जस्ता अन्य गतिविधिहरू सञ्चालन गर्नेछ, जसका लागि डिस्ट्रिक्टले निम्न कुराहरू गर्नेछ:

1. **संघीय कार्यक्रमको कार्यालय (OFP) बाट सहायता प्रदान गर्ने।**
2. **अभिभावकहरूको पाँचवटा क्षेत्रीय केन्द्रहरू र छत्तीसवटा स्कूल केन्द्रहरूमा रहेका अभिभावक केन्द्रहरूमा पहुँच प्रदान गर्ने।**

3. **समुदाय, अभिभावक तथा सरोकारवालाहरूका आवश्यकता पूरा गर्न क्षेत्रीय केन्द्रहरूमा हप्तामा एक दिन बढी समयसम्म काम गर्ने।**

E. स्कूल डिस्ट्रिक्टले स्कूल तथा अभिभावक, कार्यक्रम, बैठकहरू, र अन्य गतिविधिहरूसँग सम्बन्धित जानकारी सहभागी बालबालिकाहरूका अभिभावकहरूलाई बुझिने र एउटै ढाँचामा, र साथसाथै अनुरोध गरिएको खण्डमा सम्भव भएको हदसम्म वैकल्पिक ढाँचामा, र अभिभावकहरूले बुझ्ने भाषामा प्रदान गरिन्छ भनी सुनिश्चि गर्न निम्न कदमहरू चाल्नेछ:

1. **विभिन्न भाषा र स्वरूप (जस्तै, सामुदयिक अखबार, हाते पर्चा, वेबसाइट, सामाजिक सञ्जाल आदि) मा अभिभावकीय संलग्नता सम्बन्धी जानकारी प्रदान गर्ने ।**
2. **अभिभावकहरूसवग कुराकानी गर्न विभिन्न मिडियाको प्रयोग गर्ने।**
3. **शीर्ष दश भाषाहरूमा सूचनाहरू अनुवाद गर्ने।**
4. **डस्ट्रिक्टको नीति वार्षिक Title I अभिभावक सम्मेलनमा प्रदान गरिनेछ।**

F. अभिभावकहरूले अनुरोध गर्न सक्ने भएकाले धारा 1118 अन्तर्गत अभिभावकीय संलग्नता सम्बन्धी कृयाकलापहरूका लागि अन्य उपयुक्त सहायता प्रदान गर्ने।

1. **अभिभावकहरूले दिएको सल्लाह अनुसार तथा उक्त सल्लाहहरू अनुसार काम गर्न उपलब्ध आर्थिक स्रोत अनुसार अभिभावकीय संलग्नता कार्यक्रमहरूको योजना बनाउने।**

**अंगीकरण**

यो डिस्ट्रिक्ट स्तरीय अभिभावकीय संलग्नता नीति निम्न मितिमा भएका अभिभावक संलग्नता सम्बन्धी नीतिको समीक्षा तथा संशोधन बैठकमा Title I, Part A कार्यक्रममा सहभागी बालबालिकाहरूका अभिभावकहरूसँग संयुक्त रूपमा मिलेर तथा उनीहरूको स्वीकृतिमा विकास गरिएको हो: (दिन) मे 25, जुन 1, जुन 7, जुन 8, जुन 9, र जुन 14, जुन 21, र जुन 27, 2016, (समयहरू) 9:00 am - 11:00 am सम्म; 11:00 am – 1:00 pm सम्म; 1:00 pm - 3:00 pm सम्म; 5:00 pm - 7:00 pm सम्म; र 4:00 pm - 5:00 pm सम्म। बैठकहरू DeKalb काउन्टी बोर्ड रूम, McClendon ES, Stoneview ES, र Stephenson MS भएका थिए।

**यो नीति DeKalb काउन्टी स्कूल डिस्ट्रिक्टले अंगीकरण गरेको थियो र यो अगस्ट 2016 - अगस्ट 2017 सम्म लागू हुनेछ।_स्कूल डिस्ट्रिक्टले यो नीति Title I, Part A का सहभागी बालबालिकाहरूका सबै अभिभावकहरूलाई सेप्टेम्बर 15, 2016 वा सो अगाडि नै वितरण गरिनेछ।**

DeKalb County
School District

# सर्वेक्षणको मूल्याङ्कन

## हामी तपाईंलाई महत्व दिन्छौं, र तपाईंको सुझाव हाम्रा लागि महत्वपूर्ण छन्।

1. Title I डिस्ट्रिक्ट अभिभावकीय संलग्नता नीति सम्बन्धी तपाईंका थप टिप्पणी वा सुझावहरू छन्?

| |
|---|
| |
| |
| |
| |
| |

2. तपाईं 1% अभिभावक संलग्नता Title I को कोष कसरी प्रयोग होस् भन्ने चाहनुहुन्छ?

| |
|---|
| |
| |
| |
| |
| |

3. डिस्ट्रिक्ट नीति अभिभावकीय संलग्नताको समीक्षा तथा संशोधन सम्बन्धी तपाईंका थप टिप्पणी, सल्लाह, वा सुझावहरू छन्?

| |
|---|
| |
| |
| |
| |
| |

**DeKalb काउन्टी स्कूल डिस्ट्रिक्टको अद्यावधि गरी अंगीकार गरिएको अभिभावकीय संलग्नता नीति सेप्टेम्बर 15, 2016, जसले डिस्ट्रिक्टको नयाँ दुरदर्शिता, लक्ष्य तथा आदर्श वाक्यलाई प्रतिबिम्बित गर्दछ।**